## पाठ ६

# अन्य सेवाका वरदानहरू: २ दिने, शासन गर्ने, कृपा देखाउने सहायता गर्ने

यसभन्दा पहिलेको पाठमा हामीले रोमी १२ मा उल्लेखित तीनवटा सेवाका वरदानहरूलाई अध्ययन गर्‍यौं। हामीले पाठलाई अध्ययन गर्दैजाँदा ख्रीष्टको शरीरमा भएको हरेक सदस्यले वरदानहरूबाट कसरी फाइदा उठाउन सक्छ भनी देख्न शुरू गर्‍यौं। कोहीले विशेष वरदानहरू प्राप्त गर्छन् र शरीरमा दिइएका वरदानहरूद्वारा सबैले आशिष् पाएका हुन्छन्।

अझै चारवटा सेवाका वरदानहरूलाई अध्ययन गर्नका लागि हामी अहिले तयारी भएका छौं। यी प्रत्येकको पनि महत्त्वपूर्ण कार्य र उद्देश्य छ। यी वरदानहरूका सम्बन्धमा भएको हाम्रो ज्ञानको वृद्धि हुँदा, तिनीहरूबाट हामीले प्राप्त गर्ने आशिष्को पनि वृद्धि हुन्छ।

पवित्र आत्मालाई आफ्नो हृदय खोल्दै प्रार्थनापूर्ण प्रकारले तपाईं यस पाठलाई अध्ययन गर्न चाहनुहुन्छ। तपाईंको आफ्नै जीवनमा सेवाका वरदानहरूको महत्त्वलाई तपाईंले बुझ्नुहुँदा परमेश्वरलाई प्रशंसा चढ़ाउनुहोस्।



## *पाठको रूपरेखा*

दिने वरदान
- वरदानलाई परिभाषित गरियो
- वरदानलाई व्याख्या र नमूनित गरियो
- वरदानको निम्ति उद्देश्य

शासन गर्ने वरदान
- वरदानलाई परिभाषित गरियो
- वरदानलाई व्याख्या र नमूनित गरियो
- वरदानको निम्ति उद्देश्य

कृपा देखाउने वरदान
- वरदानलाई परिभाषित गरियो
- वरदानलाई व्याख्या र नमूनित गरियो
- वरदानको निम्ति उद्देश्य

सहायता गर्ने वरदान
- वरदानलाई परिभाषित गरियो
- वरदानलाई व्याख्या र नमूनित गरियो
- वरदानको निम्ति उद्देश्य

---

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- यस समूहमा भएका सात सेवाका वरदानहरूको सूची बनाई तिनीहरूको व्याख्या गर्न सक्नुपर्नेछ।
- प्रत्येक सेवाका वरदानहरूका निम्ति भएको उद्देश्यलाई उल्लेख गर्न सक्नुपर्नेछ।
- तपाईंको आफ्नै जीवनमा वरदानहरू विकास गर्न सक्नका लागि के गर्न सक्नुहुन्छ सो व्याख्या गर्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. १ कोरिन्थी १३ लाई निरन्तररूपमा कण्ठ गरिरहनुहोस्। तपाईंले यस पाठलाई सिध्याउने बेलामा तपाईंको आफ्नो बाइबललाई नहेरीकन पहिला नौवटा पदहरूलाई बाइबलबाट उद्धरण गर्नका लागि तपाईं सक्षम हुनुपर्नेछ।
२. आफ्नो अभ्यास-पुस्तिकामा यस समूहमा भएका सात सेवाका वरदानहरूको सूची बनाउनुहोस्।
३. यस पाठलाई ध्यानपूर्वक पढ्नुहोस्। पाठमा उल्लेख गरिएको प्रत्येक वरदानलाई बताउने शब्दको वरिपरि घेरा लगाउनुहोस्। सम्झनका लागि यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।
४. कुनै पनि कठिन शब्दहरूका लागि शब्दकोश हेर्नुहोस्।
५. पहिलेको प्रत्येक पाठमा गरेझैं स्वयम्-जाँच लिनुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| आसन-ग्रहण | उदार |
| गोलमाल | तत्त्व |
| दया देखाउनु | मध्यस्थ-प्रार्थना |

## *पाठ विकास*

# दिने वरदान

उद्देश्य १ : *दिने वरदानको उद्देश्य र कार्यलाई व्याख्या गर्नुहोस्।*

### वरदानलाई परिभाषित गरियो

"दान दिनेले उदार-चित्तले देओस्" (रोमी १२:८)।

दिने कुरालाई परिभाषाको आवश्यकता पर्दैन। दिनु के हो भन्ने कुरा हामी सबैले बुझ्छौं। यद्यपि, *दिने वरदानलाई* परिभाषाको आवश्यकता पर्छ। *दिने वरदानको* अर्थ हामीले यही लगाएका हुन्छौं कि यो परमेश्वरको वरदान हो, जसले एक विश्वासीलाई आफूसँग भएका कुराहरू परमेश्वरको काम र अरूहरूका आवश्यकताहरू पूरा गर्नका लागि सित्तैं र उदारचित्तले दिन लगाउँछ। *दिने वरदान* हाम्रो

रुपियाँ पैसासँग सम्बन्धित छ, तर यो हाम्रो समय, सामर्थ्य र खूबीजस्ता कुराहरूमा पनि सम्बन्धित छ।

**वरदानलाई व्याख्या र नमूनित गरियो**

परमेश्वरको योग्यतासँग मानिसको योग्यतालाई एकसाथ राखेपछि दिने वरदान आउँछ। मानिसको योग्यता कहिलेकहीँ धेरै सीमित हुन्छ। तर परमेश्वरको योग्यताचाहिँ असीमित हुन्छ। मानिसको थोरै योग्यता र परमेश्वरको महान् योग्यता एकसाथ आउनु कति अचम्मको कुरा हो। दिने वरदानको विकासमा यही नै कुरा हुन्छ।

२ कोरिन्थी ८ र ९ मा यस विषयमा भएको पावलको छलफललाई यदि हामीले ध्यानपूर्वक अध्ययन गऱ्यौं भने दिने वरदानका सम्बन्धमा बुझ्नका लागि हामीले केही अति मूल्यवान् सहयोग पाउनेछौं। यी पदहरूमा हामीले भेट्टाएका केही धारणाहरू यहाँ छन्ः

१. *हामीले अरूहरूको उदाहरणलाई पछ्याउँदा दिने वरदानको विकास हुन सक्छ।* "तिनीहरू (माकेडोनियाकाहरू)-ले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छाअनुसार हामीलाई दिए" (२ कोरिन्थी ८:५)।

२. *दिने वरदान विश्वासीको जीवनमा महत्त्वपूर्ण हुन्छ।* "जसरी सबै कुरामा तिमीहरू बढ़ेर गएका छौ, अर्थात् विश्वासमा, वचनमा, ज्ञानमा, सबै जोशमा र हामीप्रतिको तिमीहरूको प्रेममा, त्यसरी नै तिमीहरू यस असल काममा पनि प्रशस्त होओ" (२ कोरिन्थी ८:७)।

३. *दिने वरदान नियमहरूद्वारा बाँधिएको छैन।* "मैले यो आज्ञाको रूपमा भनेको होइन" (२ कोरिन्थी ८:८)।

४. *दिने वरदानलाई प्रभु येशू ख्रीष्ट आफैले नमूनित गर्नुभएको थियो।* "उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक" (२ कोरिन्थी ८:९)।

५. *जसले स्वेच्छासाथ दिन्छन्, तिनीहरूमा नै दिने वरदान आउँछ।* "किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरिन्थी ९:७)।

६. *हाम्रो आफ्नै आवश्यकता पूरा हुनेछ भनी हामी निश्चित बन्छौं।* "परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्" (२ कोरिन्थी ९:८)।

७. *दिने वरदानले हरेक असल काममा प्रभुको चासोलाई सङ्केत गर्छ।* "हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक" (२ कोरिन्थी ९:८)।

८. *दिने वरदानले ठूलो इनाम ल्याउँछ।* यस अन्तिम बुँदालाई २ कोरिन्थीमा होइन, तर फिलिप्पी ४:१७ मा पाउन सकिन्छ, "म त तिमीहरूमा यस्तो फलको आशा राख्छु, जो तिमीहरूकै हिसाबमा जम्मा हुँदैजाओस्।"

दिने वरदानको बारेमा हामीलाई धेरै कुरा सिकाउने एउटा कथा १ राजा १७:८-१६ मा पाइन्छ। अगमवक्ता, एलिया अनिकालको समयमा एक विधवालाई भेट्न गएका थिए। जब एलिया तिनका घरमा आए, उनले तिनलाई दाउरा बटुलिरहेको देखे। उनले तिनीसँग पानी र रोटी मागे। आफ्नो घरमा "भाँड़ामा एक मुट्ठी पीठो र ढुङ्ग्रोमा अलिकता तेलबाहेक" अरू केही नभएको कुरा तिनले उनलाई बताइन्। तब तिनले यसो भनिन्, "म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई घरमा केही झिंजामिजा लानलाई खोज्दैछु।"



दिनका लागि आफूसँग *केही पनि छैन* भनी तिनले विचार गरेकी थिइन्। तर एलियाले तिनलाई एक ठूलो पाठ सिकाए। विधवासँग जे छ, त्यसबाट एउटा रोटी बनाइदिनका लागि उनले तिनीसँग बिन्ती गरे। कथाको बाँकी भाग यदि हामीलाई थाहा छैन भने, हामी यसो भन्ने थियौं, "कस्तो डरलाग्दो कुरा! गरीब विधवाबाट यस्तो कुरा माग्न सक्ने अगमवक्ताको यस्तो आँट!" परमेश्वरले के गर्नुहुन्छ भन्ने कुरा एलियालाई थाहा थियो। त्यसैले तिनीसँग भएको सबै कुरा दिनू भनी उनले तिनलाई भनेका थिए। त्योचाहिँ ठूलो आविष्कारको साँचो (चाबी) थियो। हामीले दियौं भने दिने वरदानको निम्ति हामीले जग हालेका हुन्छौं भन्ने कुरालाई याद गर्नुहोस्। दिने वरदान स्वर्गबाट एक्कासि हाम्रा हृदयहरूमा झर्दैन। यसलाई प्राप्त गर्नका निम्ति हामीले कार्य गर्नैपर्छ। हामीसँग भएका कुरालाई हामीले दिनैपर्छ।

कोही व्यक्तिहरूले अगमवक्ताको निवेदनलाई अस्वीकार गर्न सक्थे। यस्ता मानिसहरूले दिने वरदान प्राप्त गर्दैनन्। पवित्र आत्माले अगमवक्ताद्वारा विधवासँग बोल्नुभएझैं, दिनका लागि उहाँ हामीसँग पनि बोल्न सक्नुहुन्छ। हामीले आज्ञा पालन गरेपछि मात्र दिने वरदान आउँछ।

ती विधवा स्त्रीलाई अचम्मको कुरा भयो। तिनले एलियाको आज्ञा पालन गरेपछि, तिनले यो कुरा पत्ता लगाइन् कि अगमवक्ताका लागि रोटी तयार गरेपछि पनि तिनीसँग तेल र पीठो अझै बाँकी थियो। तिनले अर्को कुरा पनि पत्ता लगाइन्। अनिकाल नसकिञ्जेलसम्म तिनको पीठो र तेल सकिने छैन भनी तिनले पत्ता लगाइन्। तिनको निम्ति मात्र यो पर्याप्त थिएन, तर अरूहरूका आवश्यकताहरू पूरा गर्नका लागि पनि तिनीसँग पर्याप्त थियो। "तिनीहरूका निम्ति दिनहुँ खानेकुरा भयो।"

सामान्यतया दिने वरदानलाई हामीले रुपियाँपैसासँग सम्बन्धित गराए तापनि यस वरदानको अर्थ हामीसँग भएको कुनै पनि कुरालाई आनन्दसाथ दिनु हो। यसमा थोकहरू, समय, सामर्थ्य र खूबीहरू समावेश हुन सक्छ।

हामीसँग भएका कुरालाई हामीले उदारचित्तले दिएर यदि हामीले पवित्र आत्माको आज्ञा पालन गर्‍यौं भने, हाम्रा आफ्नै आवश्यकताहरू पनि पूरा हुन्छन्। त्योभन्दा पनि अझै अचम्मको कुराचाहिँ अरूहरूलाई

दिनका लागि हामीसँग प्रशस्त हुनेछ। परमेश्वरको इच्छाअनुसार दिने वरदानको कार्यान्वयन हुँदा, दिने हाम्रो क्षमताद्वारा मात्र हाम्रो दियाइ सञ्चालित हुँदैन। विधवा स्त्रीको अवस्थामा भएझैं, यो परमेश्वरको क्षमताद्वारा सञ्चालित हुन्छ।

तब दिने वरदानको निम्ति सबैभन्दा ठूलो कारणचाहिँ हामीले अरूहरूलाई धेरै दिन सक्छौं भन्ने हो।

१ दिने वरदान यस्तो वरदान हो

**क.** जसद्वारा हामी आफैका निम्ति हामीले धेरै प्राप्त गरेको परमेश्वरले चाहनुहुन्छ।
**ख.** जसले हामीसँग रुपियाँपैसाको माग गर्छ।
**ग.** जसले हामीलाई सित्तैं र उदारचित्तले दिनका लागि सहायता गर्छ।
**घ.** जसले दिनका लागि हामीलाई सक्षम तुल्याउँछ, यसरी हामी अझ धेरै दिन सक्छौं।

**वरदानको निम्ति उद्देश्य**

यस वरदानको उद्देश्य के हो? प्रत्येक वरदान केही विशेष उद्देश्यको निम्ति दिइन्छ। ख्रीष्टको शरीरका आवश्यकताहरू पूरा गर्नका लागि सबै वरदानहरू दिइएका हुन्। यसको मिशन (सेवा) कार्यान्वयन गर्नका लागि पनि तिनीहरूले शरीरलाई सक्षम तुल्याउँछन्। दिने वरदानको निम्ति विशेष उद्देश्य ख्रीष्टको शरीरका आवश्यकताहरूलाई पूरा गर्नु अर्थात् यसका सदस्यहरूका आवश्यकतालाई पूरा गर्नु हो।

२ दिने वरदान विश्वासीलाई दिइएको छ, किनकि

**क.** यसद्वारा शरीरका भौतिक आवश्यकताहरूलाई पूरा गरिन्छ।
**ख.** विश्वासीहरूले आफ्ना निम्ति रुपियाँपैसा प्राप्त गर्ने एक तरीका यो हो।
**ग.** मानिसहरू रुपियाँपैसा दिन चाहन्छन्।

# शासन गर्ने वरदान

उद्देश्य २: *शासन गर्ने वरदानको कार्य र उद्देश्यलाई व्याख्या गर्नुहोस्।*

## वरदानलाई परिभाषित गरियो

"अधिकार भएकाले कड़ा परिश्रम गर्नुपर्छ" (रोमी १२:८)। अधिकारलाई शासन भनिएको छ। *शासन गर्नु* भनेको "अगाड़ि उभिनु; नेतृत्व दिनु" हो। १ कोरिन्थी १२:२८ मा शासनको वरदानलाई "प्रशासन" वा "निर्देशन" को वरदान भनिन्छ। निर्देशन दिनुको अर्थ "प्रशासन" चलाउनु हो।

तब शासन गर्ने वरदान शरीरको अगाड़ि उभिन (अगुवाइ गर्न) शासन गर्न, र शरीरलाई निर्देशन गर्ने उद्देश्यको निम्ति ख्रीष्टको शरीरका केही सदस्यहरूलाई दिइएको वरदान हो।

## वरदानलाई व्याख्या र नमूनित गरियो

जर्नेलहरू र अन्य अधिकृतहरूविनाको सेना कस्तो हुन्छ होला, तपाईं आफै विचार गर्नुहोस्। "हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गऱ्यो" भने सेनाले सामना गर्नुपर्ने समस्यालाई तपाईं सजिलैसँग अनुमान गर्न सक्नुहुन्छ (न्यायकर्ता १७:६)। यस्तो सेनाले युद्धमा धेरै सफलता हासिल गर्न सक्दैन। ख्रीष्टको शरीरलाई यस्ता मानिसहरूको पनि आवश्यकता पर्छ, जो यसको अगाड़ि खड़ा हुन्छन्, यसमाथि नेतृत्व गर्छन् र यसका क्रियाकलापहरूलाई निर्देशन गर्छन्।

शरीरका शिर ख्रीष्टलाई ठूलो सेनाका सेनापतिसँग तुलना गर्न सकिन्छ। उहाँले सम्पूर्ण शरीरमाथि नेतृत्व गर्नुहुन्छ र यसका क्रियाकलापहरूलाई निर्देशन दिनुहुन्छ। तर सारा संसारभरि शरीरको अङ्ग भएका विश्वासीहरूका धेरै समूहहरूलाई नेतृत्व र निर्देशन दिनका लागि ख्रीष्टियानहरूको आवश्यकता पर्छ। विश्वासीहरूको प्रत्येक समूहलाई प्रशासन गर्ने वरदान पाएको व्यक्तिको आवश्यकता पर्छ। "तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस" (हिब्रू १३:१७) भनी सबै विश्वासीहरूलाई आज्ञा गरिएको छ। त्यसकारण शरीरका शिरले केही ख्रीष्टियानहरूलाई प्रशासनको वरदान दिनुहुन्छ।

सबै विश्वासीहरू प्रशासकहरू हुनुपर्दैन, तर प्रशासन गर्ने वरदान पाएका कोही व्यक्तिहरू त्यहाँ हुनैपर्छ। यस वरदान पाएकाहरूलाई संगठन गर्ने, प्रबन्ध गर्ने र अगुवाइ गर्ने विशेष क्षमता दिइएको हुन्छ। शरीरका लागि तिनीहरूको कार्य अति नै महत्त्वपूर्ण हुन्छ। "यदि कुनै मानिसले विशप (मण्डली अगुवा)-को काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ" (१ तिमोथी ३:१)।

प्रशासन गर्ने वरदान पाएका ख्रीष्टको शरीरका ती सदस्यहरूलाई बाइबलमा विशेष नामहरू दिइएको छः




१. *मण्डली अगुवा (बिशप)।* "आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, त्यसले परमेश्वरले मण्डलीको देखरेख (प्रशासन) कसरी गर्न सक्छ र?" (१ तिमोथी ३:४-५)।

मण्डली अगुवा (बिशप) को कार्य स्थानीय मण्डलीमा अति उच्च जिम्मेवारीको कार्य थियो। अधिदर्शक वा निरीक्षक हुनका लागि उनलाई मण्डलीद्वारा चुनिन्थ्यो। उनलाई एल्डर वा धर्म-गुरु पनि भनिन्थ्यो, र मण्डलीका काम-कुराहरूमा प्रशासन गर्ने जिम्मेवारी उनमा थियो। नयाँ करार समयपछि, मण्डलीहरूको संख्यामा वृद्धि र मण्डलीहरूको आकारमा भएको वृद्धिले संगठनलाई अझै उपयोगी बनायो। मण्डलीहरूका केही अगुवाहरूले आफूलाई बिशप वा निरीक्षकको उपाधि लिन थाले, र एल्डर वा *धर्म-गुरु* तल्लो दर्जाका

अगुवाहरूका निम्ति प्रयोग हुन थाल्यो। नयाँ करारमा हामी जे देख्छौं, त्योचाहिँ आवश्यकतालाई पूरा गर्ने संगठन हो।

एल्डर-बिशप सिकाउनका लागि सक्षम हुनुपर्छ, तर उनलाई सहायता पुऱ्याउन पास्टर-शिक्षकको सेवा भएका व्यक्तिहरूलाई पनि उनले ल्याउन सक्छन्। एल्डर-बिशपको मुख्य जिम्मेवारीचाहिँ विश्वासीहरूको समूहलाई नेतृत्व र निर्देशन दिनु हो।

२. *सहयोगी* (डिकन)। माथि उल्लेख गरिएकाजस्तै, पूर्ण समय आत्मिक अगुवाइपनमा नलागेका केही विश्वासीहरूमा पनि प्रशासनको वरदान हुन सक्छ। सामान्यतया तिनीहरूले अगुवाहरूका अधीनमा रहेर काम गर्छन्। पहिलो तिमोथी ३:८ ले यसलाई स्पष्ट पारेको जस्तो देखिन्छ; तिनीहरूलाई "मण्डली सहयोगीहरू" भनिन्छ। अर्थात्, विश्वासीहरूको समूहलाई अगुवाइ गर्नका लागि तिनीहरूले अगुवाहरूलाई सहायता गर्छन्। "यसकारण भाइ हो, तिमीहरूबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबै आदर पाएका सात जना मानिस छान, जसलाई हामी यस काममा नियुक्त गरौं" (प्रेरित ६:३)।

ख्रीष्टको शरीरभित्र प्रशासनको आवश्यकता पर्ने हुनाले, शासन गर्ने वरदानको आवश्यकतालाई सजिलैसँग बुझ्न सकिन्छ। अगुवाइ गर्ने, नेतृत्व गर्ने, वा निर्देशन गर्ने कोही भएनन् भने, त्यहाँ कुनै प्रशासन (सरकार) नै हुँदैन। यदि त्यहाँ प्रशासन छैन भने, प्रशासन गरिनका लागि थोरै मात्र बाँकी रहन्छ। प्रशासन र प्रशासन गर्ने वरदानविना ख्रीष्टको शरीर कमजोर हुन्छ र आफ्नो कार्य गर्नका लागि यो असक्षम हुन्छ। त्यसकारण, प्रशासनको वरदान अति महत्त्वपूर्ण छ।

**३** शासन गर्ने वरदानचाहिँ

**क.** विश्वासीहरूको समूहलाई नेतृत्व र निर्देशन दिने वरदान हो।
**ख.** प्रायःजसो सबै विश्वासीहरूसँग हुनुपर्छ।
**ग.** परमेश्वरको कामको प्रगतिका लागि आवश्यक छैन।

**४** शासन गर्ने वरदान पाएकाहरू........ र ....... गर्न सक्षम हुन्छन्।

**५** शासन गर्ने वरदान पाएका केही विश्वासीहरूलाई के भनिन्छ?
**क.** मण्डली अगुवाहरू
**ख** प्रचारकहरू
**ग** एल्डरहरू

### वरदानको निम्ति उद्देश्य

शासन गर्ने वरदानको कार्य *प्रशासन* चलाउनु हो। यस वरदानको उद्देश्य ख्रीष्टको शरीरमा एकता र सामर्थ्य दिनु हो, यसरी यसले संसारमा यसको उद्देश्यलाई पूरा गर्न सक्छ? कहाँ जाने र के गर्ने भन्ने सम्बन्धमा प्रत्येक सिपाहीले आफैले नै निर्णय गर्न लाग्यो भने सेनाको गति कस्तो होला भन्ने बारेमा विचार गर्नुहोस्। अवश्य पनि त्यहाँ गोलमाल हुनेछ। सेना अधिकृतहरूको कार्य अरू सिपाहीहरूलाई अगुवाइ गर्नु, नेतृत्व गर्नु र निर्देशन दिनु हो, यसरी तिनीहरूले आफ्नो लक्ष्य प्राप्त गर्न सक्छन्। ख्रीष्टको शरीरमा पनि यही कुरा नै हुन्छ।

६ शासन गर्ने वरदानहरूलाई ख्रीष्टको शरीरमा दिइएको छ, यसरी

**क.** यो सेनाजस्तै हुन सक्छ।
**ख.** सम्भव भएसम्म यसले उत्तम किसिमले सेवा गर्न सक्छ।
**ग.** यसमा मण्डली अगुवाहरू, एल्डरहरू र प्रचारकहरू हुन सक्छन्।

## कृपा देखाउने वरदान

उद्देश्य ३: *कृपा देखाउने वरदानको कार्य र उद्देश्यलाई व्याख्या गर्नुहोस्।*

### वरदानलाई परिभाषित गरियो

"... कृपाको काम गर्नेले खुशीसित गरोस्" (रोमी १२:८)। कुनै अनुवादमा "भलाइ"-लाई "कृपा" भनिएको छ।

*कृपाको* अर्थ "दया", वा "*अर्कोसँग* साझे-भावना अर्थात् *अर्कोसँग* अनुभव गर्नु वा अर्काको निम्ति सोच्नु भन्ने हुन्छ। यसको अर्थ "सहानुभूति देखाउनु" भन्ने पनि हुन्छ।

यसकारण दया देखाउने वरदान अरूहरूसँग र अरूहरूका निम्ति भएका तपाईंका भावनाहरूलाई देखाउने वरदान हो।

## वरदानलाई व्याख्या र नमूनित गरियो

ख्रीष्टको शरीरभित्र र अविश्वासीहरूका बीचमा कृपा (दया) देखाउने वरदानको ठूलो आवश्यकता छ। मानिसहरू निराश, एकलो र दुःखित छन्। तिनीहरूसँग उभिने र तिनीहरूका निम्ति दया देखाउने व्यक्तिको तिनीहरूलाई ठूलो आवश्यकता छ। कृपा देखाउने वरदानले यस आवश्यकतालाई पूरा गरिदिन्छ।

कृपा देखाउने वरदानको सबैभन्दा ठूलो उदाहरण वा नमूना प्रभु येशू आफै हुनुहुन्छ।

उहाँको विवरणलाई अब हामी हेरौं:

१. "तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेड़ाहरूजस्तै हैरान र असहाय भएका थिए" (मत्ती ९:३६)।
२. "त्यस ठूलो भीडलाई देखी उहाँले तिनीहरूलाई टिठ्याउनुभयो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो" (मत्ती १४:१४)।
३ "येशूले टिठ्याएर तिनीहरूका आँखा छोइदिनुभयो" (मत्ती २०:३४)।
४. "तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो" (मर्कूस १:४१)।
५. "यस भीडलाई म टिठ्याउँछु, किनभने यिनीहरू मसँग रहेका आज तीन दिन भयो, र यिनीहरूसँग खानलाई केही छैन" (मर्कूस ८:२)।
६. "जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो, 'नरोऊ' (लूका ७:१३)।

येशूले मानिसहरूसँग र मानिसहरूका निम्ति गहिरो सरोकार राख्नुभयो। उहाँले ती मानिसहरूलाई आफ्नो कृपा पनि *देखाउनुभयो।* उहाँले दया देखाउनुभयो भनी उहाँको बारेमा भनिएको प्रत्येक अवस्थामा संलग्न मानिसहरूका निम्ति उहाँले सेवा पुऱ्याउनुभएको कुरा पनि स्पष्ट छ। मानिसहरूका *निम्ति* र मानिसहरू*सँग* सहानुभूति देखाउनु मात्र पर्याप्त छैन। हामीले मानिसहरूका निम्ति र मानिससँग सेवा पुऱ्याएर तिनीहरूप्रतिको हाम्रो सहानुभूतिलाई *प्रकट गर्नुपर्छ।* विलाप गरिरहेकाहरूलाई सान्त्वनाको वचनको आवश्यकता पर्छ। एकलोपनको

महसूस गर्नेको लागि मित्रताको आवश्यकता पर्छ, निराश भएकाको लागि उत्साहको वचनको आवश्यकता पर्छ। पापीको निम्ति त्यहाँ प्रेमिलो सरोकार हुनुपर्छ।

उदाहरणको लागि, टुहुरा र विधवाहरूका लागि सहानुभूति देखाउनु असल कुरा हो, तर तिनीहरूसँग र तिनीहरूका निम्ति सहानुभूति देखाउनु मात्र पर्याप्त हुँदैन। हामीले कुनै व्यावहारिक तरीकामा पनि तिनीहरूलाई सहायता गर्नैपर्छ। "परमेश्वर पिताको अगाड़ि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाहा गर्नु" (याकूब १:२७)।

कृपा देखाउने वरदान भएका धैरै विश्वासीहरू मण्डलीमा हुनु महत्त्वपूर्ण छ। यो वरदानले अरू सबैलाई समर्थन गरिरहेको हुन्छ। उदाहरणको लागि, सुसमाचार प्रचार गर्ने वरदान भएको विश्वासीमा कृपा देखाउने वरदान पनि हुनैपर्छ। उद्धार नपाएका मानिसहरूप्रति र मानिसहरूका निम्ति सहानुभूति देखाउनलाई कृपा देखाउने वरदानले सहायता गर्छ। तब, सुसमाचार प्रचारको वरदान प्रभावकारी हुनेछ।

कृपा देखाउने वरदान पाएका व्यक्तिका एक असल उदाहरण बारनाबास हुन्। उनी अति दयालु मानिस थिए र यस महान् दयाको कारण आवश्यकतामा परेका मानिसहरूलाई उनले सेवा पुऱ्याउन सकेका थिए। उनको बारेमा तल उल्लेखित बाइबल पदहरूलाई पढ्नुहोस्ः प्रेरित ९:२७; ११:२५-२६; १५:३७-३९।

७ कृपाको अर्थ हुन्छ

**क.** शक्ति
**ख.** प्रेम
**ग.** सहानुभूति
**घ.** दया

८ मानिसहरूमाथि दया गर्नका लागि कोही व्यक्ति चाहिन्छ, जब तिनीहरू

**क.** बलिया र स्वस्थ्य हुन्छन्।
**ख.** निराश र एकलो हुन्छन्।
**ग.** प्रचारक हुन्छन्।
**घ.** पापीहरू हुन्छन्।

९ कृपा देखाउने वरदान

**क.** धेरै विश्वासीहरूसँग हुनुपर्ने वरदान हो।
**ख.** प्रचारकको निम्ति मात्र आवश्यक पर्ने वरदान हो।
**ग.** धेरै मानिसहरूका आवश्यकतालाई सेवा पुऱ्याउने वरदान हो।

**वरदानको निम्ति उद्देश्य**

कृपा देखाउने वरदानको निम्ति भएको *कार्य* अरूहरूसँग र अरूहरूका निम्ति विश्वासीहरूले सरोकार गर्न र तिनीहरूसँग सहानुभूति देखाउन विश्वासीहरूलाई सक्षम बनाउनु हो।

कृपा देखाउने वरदानको *उद्देश्य* आवश्यकता पर्नेलाई उसको साथमा उभिएर आवश्यकताका समयहरूमा उसलाई सहायता पुऱ्याउनु हो। कति सुन्दर वरदान!

१० तल दिइएको बयानलाई पूरा गर्ने ठीक अक्षरको वरिपरि घेरा लगाउनुहोस्। जब एक विश्वासीले कष्टको समयमा अर्को विश्वासीप्रति सरोकारको भावना प्रकट गर्छ भने, हामी यसलाई

**क.** कृपा देखाउने वरदानको कार्य भन्छौं।
**ख.** कृपा देखाउने वरदानको उद्देश्य भन्छौं।

## सहायता गर्ने वरदान

उद्देश्य ४: *सहायता गर्ने वरदानका कार्य र उद्देश्यलाई व्याख्या गर्नुहोस्।*

**वरदानलाई परिभाषित गरियो**

"परमेश्वरले मण्डलीमा... सहायता गर्नेहरूलाई... नियुक्त गर्नुभएको छ" (१ कोरिन्थी १२:२८)। *सहायताको* अर्थ "छुटकारा वा सहयोग" हो।"

*सहायता गर्ने वरदान* त्यो वरदान हो, जसद्वारा एक विश्वासी पवित्र आत्माद्वारा सक्षम भई उसले सहयोगपूर्ण कामहरूद्वारा अरूलाई छुटकारा वा मदत गर्न सक्छ।

**वरदानलाई व्याख्या र नमूनित गरियो**

आफ्नो निम्ति त्यहाँ कुनै आत्मिक वरदान छैन भनी ख्रीष्टको शरीरको कुनै पनि सदस्यले सोच्नुपर्ने आवश्यकता छैन। सबै जना प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू वा पास्टरहरू र शिक्षकहरू हुन सक्दैनन्, तर कुनै पनि सदस्यले सहायता गर्ने वरदान पाउन सक्छ। कोही विश्वासीहरू सहायता गर्नेहरू हुनका लागि पवित्र आत्माद्वारा विशेष गरी वरदान पाएका हुन्छन्जस्तो देखिन्छ। अरूहरूलाई मदत गर्नका लागि तिनीहरूलाई विशेष खूबी दिइएको हुन्छ। शुरूको मण्डलीमा सहायता गर्ने वरदानले कसरी काम गरेको थियो भनी हामीलाई देखाउने केही बाइबल पदहरूलाई अब हामी विचार गरौं।

१. "अपोल्लोस अखैयामा जाने मन गर्दा भाइहरूले तिनलाई त्यहाँ जाने प्रोत्साहन दिए, र तिनलाई ग्रहण गरून् भनी त्यहाँका चेलाहरूलाई उत्साह दिएर पत्र *लेखे*" (प्रेरित १८:२७) अर्को अनुवादमा विश्वासीहरूले अपोल्लोसलाई "सहायता गरे" भनिएको छ, जुनचाहिँ प्रोत्साहनको उदाहरण पनि हो।

२. "उर्बानस, ख्रीष्टमा हाम्रा सहकर्मीलाई अभिवादन भनिदेओ" (रोमी १६:९)। पावललाई सहयोग गर्ने यी मानिसले के गरे भन्ने कुरा हामीलाई भनिएको छैन। उनले केही प्रचार र शिक्षणको काम गरेका हुन सक्छन्। भजनहरू गाउनका लागि मानिसहरूलाई अगुवाइ गरेर उनले सहायता पुऱ्याएका हुन सक्छन्। पावलको टोलीको निम्ति रुपियाँपैसाको हर-हिसाब राखी उनले सहायता पुऱ्याएका हुन सक्छन्। उनले नयाँ विश्वासीहरूलाई भेटघाट गरेर सहायता पुऱ्याएका हुन सक्छन्। उनले कसरी सहायता गरेका थिए भन्ने कुरामा हामी अनुमान मात्र लगाउन सक्छौं। सहायता गर्ने वरदानसहितका विश्वासीहरू ख्रीष्टको शरीरमा कति धेरै मूल्यवान छन् भन्ने कुराचाहिँ हामी देख्न सक्छौं।

३. "म तिमीहरूलाई पनि अनुरोध गर्दछु, कि यी स्त्रीहरूलाई मदत गर, किनकि यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा... परिश्रम गरेका छन्" (फिलिप्पी ४:३)। "मेरो साथसाथै परिश्रम गरेका छन्, भन्ने वाक्यांशलाई केही विद्वान्हरूले "मेरो पक्षमा युद्ध गरेका छन्," भन्ने हुन्छ भनेका छन्। स्त्रीहरूले पनि सहायता गर्ने वरदान पाउन सक्छन् भनी हामी यहाँ देख्छौं। तिनीहरूले कसरी सहायता पुऱ्याए भन्ने बारेमा हामीलाई थाहा छैन। नयाँ स्त्री

विश्वासीहरूलाई भेटघाट गरी के तिनीहरूले सहायता पुऱ्याएका थिए होलान्? पावल र उनको टोलीको निम्ति खाना तयार गरी के तिनीहरूले सहायता पुऱ्याएका थिए होलान्? के तिनीहरूले आफ्नो मध्यस्थताको बिन्ती र प्रार्थनाहरूद्वारा सहायता पुऱ्याएका थिए कि? के तिनीहरूले पावल र उनको टोलीलाई लुगाहरू सिइदिएर र लुगाहरू धोइदिएर सहायता पुऱ्याएका थिए कि? यो सम्भव छ, किनकि सहायता गर्ने वरदानमा फोहोर कामहरू पनि समावेश भएको हुन्छ।

सहायता गर्ने वरदानसहितका स्त्रीहरूलाई शुरूको मण्डलीमा विशेष नाम दिइएको थियो। तिनीहरूलाई धर्म-सेविकाहरू (डिकनेस) भनिन्थ्यो। "मण्डलीकी धर्म-सेविका हाम्री बहिनी फोबीको प्रशंसा तिमीहरूको समक्ष गर्दछु" (रोमी १६:१)। यस पदमा प्रयोग भएको ग्रीक शब्द *सेविका* नै "डिकनेस" हो।

सहायता गर्ने विशेष वरदान पाएका मानिसहरूलाई डिकन भनिन्थ्यो। "डिकन (सेवक) ले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन्, तिनीहरूले आ-आफ्ना निम्ति प्रतिष्ठा... पाउनेछन्" (१ तिमोथी ३:१३)।



दक्षिण अमेरिकामा भएको एक सानो मण्डलीमा परमेश्वरको महान् कार्य भइरहेको थियो। धेरै मानिसहरूले उद्धार र पवित्र आत्माको भरपूरि पाइरहेका थिए। पास्टर-शिक्षकचाहिँ विश्वासयोग्य भाइ थिए। उनी परमेश्वरको वचन बाँड्थे र धेरै मानिसहरूलाई भेटघाट गर्थे। विश्वासीहरूमध्येमा एक जना अति साधारण स्त्री थिइन्। सामूहिक रूपमा भन्नुपर्ने धेरै कुराहरू तिनीसँग थिएनन्, तर पनि तिनी सधैँभरि प्रार्थनामा लागिरहन्थिन्। तिनले पास्टरलाई धेरै सहयोग गरिन्। पवित्र आत्माद्वारा तिनले सहायता गर्ने वरदान पाएकी थिइन्।

११ तल दिइएको प्रत्येक **ठीक** बयानको अगाड़िको खाली ठाउँमा *ठी* र प्रत्येक बेठीक बयानको अगाड़िको खाली ठाउँमा *बे* लेख्नुहोस्।

.... **क** सहायता गर्ने वरदानले अरूहरूका निम्ति मदत र छुटकारा उपलब्ध गरिदिन्छ।

.... **ख** केही विश्वासीहरूका लागि मात्र सहायता गर्ने वरदानको आवश्यकता पर्छ।

.... **ग** पुरुष र स्त्री दुवैले सहायता गर्ने वरदान पाउन सक्छन्।

.... **घ** सहायता गर्ने वरदान पाएका स्त्रीहरूलाई शुरूको मण्डलीमा डिकन भनिन्थ्यो।

## वरदानको निम्ति उद्देश्य

सहायता गर्ने वरदानको कार्य ख्रीष्टको शरीरमा भएका विश्वासीहरूलाई क्षमता प्रदान गर्नु हो, जसद्वारा तिनीहरूले आफ्ना कामहरूबाट अगुवाहरू र मण्डलीलाई सहायता पुऱ्याउन सक्छन्।

वरदानको उद्देश्यचाहिँ परमेश्वरको राज्य विस्तारको लागि वास्तविक काम गर्नका लागि सहायता पुऱ्याउनु हो। कार्यले सहायता गर्ने क्षमताको बारेमा बताउँछ। उद्देश्यले वास्तविक सहायताको बारेमा बताउँछ।

उदाहरणको लागि, कुनै भाइसँग प्रार्थना गर्ने विशेष क्षमता छ भनी हामी भन्छौं होला। त्योचाहिँ सहायता गर्ने वरदानको कार्य हो। प्रार्थना गरेर सहायता गर्ने आफ्नो वरदानलाई उसले अभ्यास नगरुञ्जेल, प्रार्थना गर्ने उसको क्षमताले मण्डलीलाई केही पनि असल गर्दैन। उसले प्रार्थना गरेपछि उसको वरदानको निम्ति भएको उद्देश्य पूरा हुन्छ।

१२ बिरामी मानिसहरूलाई आफ्ना पास्टरसँग भेट्न जाने विशेष वरदान आत्माले भरिएको भाइसँग छ। यस बयानले वरदानको कार्य वा उद्देश्य केलाई सङ्केत गरेको हुन्छ?

**क**. कार्य

**ख**. उद्देश्य

**स्वयम्-जाँच**

१ दिने वरदानद्वारा एक व्यक्तिले सेवा गर्न सक्ने तीन तरीकाहरूको उल्लेख गर्नुहोस्।

..........................................................................................

..........................................................................................

२ शासन गर्ने वरदान पाएकाहरूका निम्ति प्रयोग हुने तीनवटा नामहरूको उल्लेख गर्नुहोस्।

..........................................................................................

३ तल दिइएका प्रत्येक परिभाषाका पछाड़ि परिभाषित गरिएको वरदानलाई उल्लेख गर्नुहोस्।

**क.** विश्वासीहरूको समूहलाई नेतृत्व र निर्देशन दिनु

..........................................................................................

**ख.** उपकारी कामहरूद्वारा अर्कालाई छुटकारा वा सहयोग गर्नु

..........................................................................................

**ग.** अरूहरूका आवश्यकताहरू पूरा गर्नका लागि सित्तैं र उदारचित्तले दिनु ..........................................................................................

**घ.** अरूहरूसँग र अरूहरूका निम्ति भएको आफ्नो सरोकार तिनीहरूलाई देखाउनु

..........................................................................................

४ .............................................. को वरदान अभ्यास गर्ने व्यक्तिमा संगठन गर्ने, प्रबन्ध गर्ने र अगुवाइ गर्ने क्षमता हुन्छ।

५ आर्थिक आवश्यकतामा अरूहरूलाई सहायता गर्ने उद्देश्य भएको वरदान, .............................................. को वरदान हो।

६ तल उल्लेखित बाइबलका पदहरूलाई हेर्नुहोस्। प्रदर्शित भएको वरदानलाई प्रत्येक पदहरूका पछाडिका खाली ठाउँमा लेख्नुहोस्।

**क.** प्रेरित १५:३७-३९ ..............................................

**ख.** प्रेरित १८:२७ ..............................................

**ग.** १ राजा १७:८-१६ ..............................................

घ. प्रेरित ६:१-३ ..................................................

ङ मर्कूस १:४१ ..................................................

७ यसभन्दा पहिलेको पाठमा अध्ययन गरेका तीन अन्य सेवाका वरदानहरूको नाम दिनुहोस्।

..................................................

| |
|---|
| तपाईंले पाठ ७ लाई अध्ययन गर्नुभन्दा पहिले एकाइ २ को विद्यार्थी प्रतिवेदनलाई पूरा गरी तपाईंका आई सी आई प्रशिक्षककहाँ उत्तर-पृष्ठलाई पठाउनुहोस्। |

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ ग) जसले हामीलाई सित्तैं र उदारचित्तले दिनका लागि सहायता गर्छ।
  घ) जसले दिनका लागि हामीलाई सक्षम तुल्याउँछ, यसरी हामी अझ धेरै दिन सक्छौं।

७ ग) सहानुभूति।
  घ) दया।

२ क) यसद्वारा शरीरका भौतिक आवश्यकताहरूलाई पूरा गरिन्छ।

८ ख) निराश र एकलो हुन्छन्।
  घ) पापीहरू हुन्छन्।

३ क) विश्वासीहरूको समूहलाई नेतृत्व र निर्देशन दिने वरदान हो।
  क) धेरै विश्वासीहरूसँग हुनुपर्ने वरदान हो।

९ ग) धेरै मानिसहरूका आवश्यकताहरूलाई सेवा पुऱ्याउने वरदान हो।

४ अगुवाइ गर्न, नेतृत्व गर्न, निर्देशन दिन।

१० क) कृपा देखाउने वरदानको कार्य भन्छौं।

५ क) मण्डली अगुवाहरू।
  ग) एल्डरहरू।

११ **क** ठी
  **ख** बे
  **ग** ठी
  **घ** बे

६ ख) सम्भव भएसम्म यसले उत्तम किसिमले सेवा गर्न सक्छ।

१२ ख) उद्देश्य।

## तपाईंको बुँदा टिपोटको निम्ति